# स्वागतम्

नेपाल सरकार
रक्षा मन्त्रालय

# आ.व. २०७५/७६ को तेस्रो चौमासिक एवम् वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक

मितिः २०७६ श्रावण १६ गते

# नेपाल सरकार
# रक्षा मन्त्रालय

## आ.व. २०७५/७६ मा रक्षा मन्त्रालय, नेपाली सेना र अन्तर्गत निकायहरूबाट संचालित विकास कार्यक्रम तथा आयोजनाहरूको तेस्रो चौमासिक तथा वार्षिक प्रगति समीक्षा

मितिः २०७६ श्रावण १६ गते

# प्रस्तुतिका विषयहरू

- आ.व. २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा रक्षा मन्त्रालय सम्बन्धी विषय,
- बजेट निकासा र खर्च स्थिति (चालु तथा पूँजीगत),
- आ.व.२०७५/७६ मा मन्त्रालय, रा.सु.प. सचिवालय, नेपाली सेना र अन्तर्गत निकायहरूबाट संचालित कार्यक्रम/आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति विवरण,
- आ.व.२०७५/७६ मा सञ्चालित मुख्य मुख्य कार्यहरुको तेस्रो चौमासिक एवं वार्षिक प्रगति विवरण,
- मन्त्रालय र अन्तर्गत निकायहरुको बेरुजु फर्छ्यौटको स्थिति,
- राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको निर्णय कार्यान्वयन स्थिति,
- कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती र सम्बोधन गर्नुपर्ने विषयहरू ।

# आ.व. २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रममा रक्षा मन्त्रालय सम्बद्ध बुँदाहरू

| बुँदा नं. | विषय |
|---|---|
| ३७ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ । |
| ५० | पाँच वर्षभित्र काठमाण्डौं-निजगढ द्रुतमार्गको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरिनेछ । |
| ९० | निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र सम्पूर्ण सरकारी संयन्त्रमा समयानुकूल सुधार गरी प्रभावकारी बनाइनेछ । |
| ९५ | राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्था मिलाइनेछ। |
| ९६ | विपद् व्यवस्थापनको पूर्व तयारी गरिनेछ । |
| ९७ | पुनर्निर्माणका प्रक्रियाहरूलाई सरल बनाई भूकम्पबाट क्षतिग्रस्त संरचना, सम्पदा तथा पूर्वाधारहरूको पुनर्निर्माणमा तीव्रता दिइनेछ । |

# आ.व. २०७५/७६ को नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित रक्षा मन्त्रालय सम्बद्ध बुँदाहरू

| बुँदा नं. | विषय |
|---|---|
| १६३ | काठमाण्डौं-निजगढ द्रुतमार्ग निर्माण गर्न आवश्यक रकम विनियोजन गरिएको । |
| १६६ | निर्माणाधीन कालीगण्डकी कोरिडरलाई उत्तरी नाका कोरलादेखि विस्तार गरी दक्षिण नाका त्रिवेणीसम्म जोडिनेछ । |
| १६७ | कर्णाली राजमार्गलाई डोल्पा, मुगु र हुम्ला हुँदै उत्तरी सीमासम्म जोड्ने गरी गमगढी-नाग्मा, सिमिकोट-हिल्सा र दुनै-मरिमलापास खण्डको निर्माण तथा स्तरोन्नति गर्ने । |
| १७८ | पुनर्निर्माणका अन्य आयोजनाहरू तोकिएको समयमै सम्पन्न गर्न निर्माण कार्यलाई थप तीव्रता दिइनेछ। |
| १७९ | प्रदेश र स्थानीय तहसँगको सहकार्यमा विपद् व्यवस्थापनको लागि पूर्व तयारी गरिनेछ। |
| २१९ | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको क्षमता अभिवृद्धि गरी आधुनिक र व्यावसायिक तुल्याइनेछ । नेपाली सेनाको बङ्करदेखि ब्यारेक कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

# आ. व. २०७५/७६ को लागि रक्षा मन्त्रालय अन्तर्गत विनियोजित बजेट (संशोधन सहित)

(रकम रु. हजारमा)

| कार्यक्रमको नाम | ब.उ.शी. नं. | चालु बजेट | पूँजीगत बजेट | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| रक्षा मन्त्रालय | ३४५०११ | ६,७६,०४ | १२,८२,०० | १९,५८,०४ | रक्षा मन्त्रालयको भवन निर्माण समेत |
| राष्ट्रिय सुरक्षा परिषद् | ३४५०१२ | ४,४६,६३ | २१,०० | ४,६७,६३ | मन्त्रालयबाट रकमान्तर गरिएको रु. ३५ लाख समेत जोडी |
| जङ्गी अड्डा | ३४५०१३ | ३६,३९,३२,८० | १,२०,४३,७२९ | ४८,४३,७०,०९ | |
| सैनिक हवाई महानिर्देशनालय | ३४५०१४ | ५१,०६,०० | ७,९०,०० | ५८,९६,०० | |
| वीरेन्द्र अस्पताल | ३४५०१५ | ७२,५७,०० | ५,००,०० | ७७,५७,०० | |
| सैनिक कमाण्ड तथा स्टाफ कलेज | ३४५०१६ | ७,९४,०० | ८०,०० | ८,७४,०० | |
| राष्ट्रिय सेवा दल | ३४५०१७ | २९,९९,५२ | १७,०२,०० | ४७,०१,५२ | |
| अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ३४५०१९ | १,३०,०० | - | १,३०,०० | |
| जम्मा रक्षा बजेट | | ३८,१३,४१,९९ | १२,४८,१२,२९ | ५०,६१,५४,२८, | |

# रक्षा बजेट बाहेक विभिन्न निकायबाट नेपाली सेनालाई अख्तियारी प्राप्त बजेट (संशोधन सहित)

(रकम रु. हजारमा)

| कार्यक्रमको नाम | ब.उ.शी.नं. | चालु बजेट | पूँजीगत बजेट | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग | ३३७१४१ | - | ५,९४,६१,११ | ५,९४,६१,११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अख्तियारी प्राप्त |
| विभिन्न ४ सडक कोरिडर निर्माण | | - | ८८,७२,३० | ८८,७२,३० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अख्तियारी प्राप्त |
| सैनिक सामग्री उत्पादन निर्देशनालय | ३०७०१९ | १३,९८,०० | २१,५०,०० | ३५,४८,०० | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट अख्तियारी प्राप्त |
| राष्ट्रिय निकुञ्ज सुरक्षा टोली | ३२९०१८ | ३,२०,९४,०० | ११,२७,०० | ३,३२,२१,०० | वन तथा वातावरण मन्त्रालयबाट अख्तियारी प्राप्त |
| भूकम्पबाट क्षतिग्रस्त विभिन्न भौतिक संरचनाहरूको पुनर्निर्माण | ३०१८०१ | - | १,५१,११,३३ | १,५१,११,३३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट अख्तियारी प्राप्त |
| **जम्मा** | | ३,३४,९२,०० | ८,६७,२१,७४ | १२,०२,१३,७४ | **बाह्र अर्ब दुई करोड तेह्र लाख चौहत्तर हजार** |

# विभिन्न सडक करिडोर निर्माण आयोजना
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त बजेट

(रकम रु. हजारमा)

| सि. नं. | सडक आयोजनाको नाम | विनियोजित बजेट | थप बजेट | जम्मा बजेट |
|---|---|---|---|---|
| १. | जाजरकोट-डोल्पा (दुनै) | २,५०,०० | ४,७२,३० | ७,२२,३० |
| २. | कालीगण्डकी करिडोर | १०,००,०० | २०,००,०० | ३०,००,०० |
| ३. | कर्णाली करिडोर | २०,००,०० | १०,००,०० | ३०,००,०० |
| ४. | बेनीघाट-आरुघाट-लार्के भञ्याङ | ६,५०,०० | १५,००,०० | २१,५०,०० |
| | जम्मा | ३९,००,०० | ४९,७२,३० | ८८,७२,३० |

# प्रगति विवरण



# बजेट निकासा र खर्च स्थिति (चालु तर्फ)

(रकम रु. हजारमा)

| ब.नं.शी.उ. | कार्यालय | वार्षिक विनियोजन | २०७६ असार मसान्तसम्मको यथार्थ खर्च | वित्तीय प्रगति % |
|---|---|---|---|---|
| ३४५०११ | रक्षा मन्त्रालय | ६,७६,०४ | ४,९७,४५ | ७३.५८ |
| ३४५०१३३ | जङ्गी अड्डा | ३६,३९,३२,८० | ३५,८४,८६,०४ | ९८.५० |
| ३४५०१४३ | सैनिक हवाई महानिर्देशनालय | ५१,०६,०० | ४६,५५,३७ | ९१.१७ |
| ३४५०१५३ | वीरेन्द्र अस्पताल | ७२,५७,०० | ७२,१३,४० | ९९.४० |
| ३४५०१६३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७,९४,०० | ७,९२,४० | ९९.८० |
| ३४५०१८३ | राष्ट्रिय सेवा दल | २९,९९,५२ | २९,०९,७९ | ९७.०१ |
| ३४५०१९३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | १,३०,०० | १,३०,०० | १०० |
| ३२९०१८३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (वन तथा वातावरण मन्त्रालय बजेट) | ३,२०,९४,०० | ३,००,७५,०५ | ९३.७१ |
| ३०७०१९३ | सैनिक सामग्री उत्पादन निर्देशनालय (उद्योग मन्त्रालय बजेट) | १३,९८,०० | १३,९८,०० | १०० |
| | जम्मा | ४१,४३,८७,३६ | ४०,६१,५७,५० | ९८.०१ |

# पूँजीगत बजेट निकासा र खर्च भौतिक प्रगति स्थिति

(रकम रु. हजारमा)

| ब.उ.शी. नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | असार मसान्त सम्मको खर्च | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ३४५०११ | रक्षा मन्त्रालय (भवन निर्माण सहित) | १२,८२,०० | ७,५७,७७ | ५९.१ | ९५ |
| ३४५०१२ | राष्ट्रिय सुरक्षा परिषद् | २१०० | २१०० | १०० | १०० |
| ३४५०१३४ | जंगी अड्डा | १२,०४,३७,२९ | ११,४५,५२,३१ | ९५.११ | ७० |
| ३४५०१४४ | सैनिक हवाई महानिर्देशनालय | ७,९०,०० | ७,९०,०० | १०० | १०० |
| ३४५०१५४ | वीरेन्द्र अस्पताल | ५,००,०० | ५,००,०० | १०० | १०० |
| ३४५०१६४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ८०,०० | ७९,२६ | ९९.०८ | १०० |
| ३४५०१८४ | राष्ट्रिय सेवा दल | १७,०२,०० | १६,८१,३२ | ९८.७८ | १०० |
| | जम्मा | १२,४८,१२,२९ | ११,८३,८१६६ | ९४.८५% | ९५% |

# अन्य निकायबाट अख्तियारी प्राप्त पूँजीगत तर्फको बजेट निकासा, खर्च र प्रगति स्थिति

(रकम रु. हजारमा)

| ब.नं.शी.उ. | कार्यालय/कार्यक्रम | विनियोजित वार्षिक बजेट रकम (कार्यक्रम संशोधन सहित) | २०७६ असार मसान्तसम्मको यथार्थ खर्च | वित्तीय प्रगति % वार्षिक बजेटको तुलनामा | भौतिक प्रगति % असार मसान्त सम्मको |
|---|---|---|---|---|---|
| ३३७४१४ | काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग | ५,९४,६१,११ | ५,७३,३७,४४ | ९६.४३ | १०० |
| | विभिन्न ४ सडक कोरिडर निर्माण | ८८,७२,३० | ८८,७२,३० | १०० | १०० |
| ३०७०१९४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | २१,५०,०० | २०,८६,४७ | ९७.०५ | ९७.०० |
| ३२९०१८४ | राष्ट्रिय निकुञ्ज सुरक्षा | ११,२७,०० | ११,२६,१८ | ९९.९ | १०० |
| ३२९०१८४ | भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण | १,५१,११,३३ | १,५०,९६,१५ | ९९.९ | १०० |

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## नीतिगत कानुनी सुधार

- नेपाल सरकार, मन्त्रिपरिषद्-बाट मिति २०७५।१२।०४ गते नयाँ **राष्ट्रिय सुरक्षा नीति, २०७५** स्वीकृत भई कार्यान्वयनमा आएको ।
- हाल सो नीतिमा आधारित भई नेपाल कानून आयोगसँग समन्वय गरी **राष्ट्रिय सुरक्षा विधेयकको मस्यौदा** तयार गर्ने कार्य भइरहेको ।
- राष्ट्रिय सुरक्षा नीति, २०७५ सँग तादात्म्य कायम हुने गरी **प्रतिरक्षा नीति, २०७६ को मस्यौदा** तयार भएको ।
- **राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकारलाई व्यवस्था गर्न बनेको विधेयक** मिति २०७५/११/२८ गते संघीय संसदमा पेश भएकोमा हाल छलफलको क्रममा रहेको ।
- **सैनिक ऐनमा तत्काल संशोधन** गर्नुपर्ने विषयहरूलाई केही नेपाल ऐन संशोधन गर्ने विधेयकमा समावेश गरी पेश गरिएकोमा संघीय संसदबाट सो विधेयक पारित भई मिति २०७५/११/१९ गतेको नेपाल राजपत्रमा प्रकाशित भएको ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

- **सैनिक प्राविधिक सेवा नियमावली, २०७५** नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई २०७६ जेठ २० गतेको नेपाल राजपत्रमा प्रकाशित भएको ।

- **सैनिक सेवा (दोस्रो संशोधन) नियमावली, २०७५** नेपाल सरकारद्वारा स्वीकृत भई २०७५ चैत्र ७ गते नेपाल राजपत्रमा प्रकाशित भएको ।

- शान्ति सेनामा भाग लिन जाने सकल दर्जाका सैनिकहरूको छनौट प्रक्रियालाई थप निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी बनाउन मिति २०७५।०८।०२ मा नयाँ **"शान्ति सेना छनौट कार्यविधि, २०७५"** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

- नेपाली सैनिक प्रतिष्ठानमा सञ्चालन हुने अध्यापन कार्यलाई समय सापेक्ष, गुणस्तरीय एवम् प्रभावकारी बनाई शैक्षिकस्तर अभिवृद्धि गर्न मिति २०७५।०८।०९ मा **"नेपाली सैनिक प्रतिष्ठान शैक्षिक अध्यापन कार्यविधि, २०७५"** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## क्षमता अभिवृद्धितर्फः

- १६ जना कर्मचारीहरूलाई योजना तर्जुमा तथा खरिद सम्बन्धी प्रशिक्षण प्रदान गरिएको ।
- १६ जना कर्मचारीहरूलाई अंग्रेजी भाषाको तालिम प्रदान गरिएको ।
- पाँचथर र बुटवलमा गरी २ वटा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकारसम्बन्धी गोष्ठी/तालिम कार्यक्रम सञ्चालन गरिएको । जसमा कुल ६४ जनालाई तालिम दिइएको ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## रक्षा मन्त्रालयको भवन निर्माणतर्फः रु. १२ करोड



- सिंहदरबार परिसरभित्र **रक्षा मन्त्रालयको नवनिर्माण भइरहेको भवन**को स्ट्रक्चर सहित पाँच तलाको ढलान, झ्याल, ढोका सहित Finishing (Plaster, Plumbing, Marble, Water tank, आदि) को कार्य सम्पन्न भई हाल रंगरोगन, Electrification, Parking निर्माण आदिको कार्य भइरहेको ।
- चालु आ.व.को कुल लक्ष्यको ९५% भन्दा बढी भौतिक प्रगति हासिल । हालसम्म भवनको कुल निर्माण कार्यको ९०% भन्दा बढी कार्य सम्पन्न ।
- चालु आ.व.मा खर्च भएको रु. ६,८४,९८,४५३ खर्च ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयतर्फ

- नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम **राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन तयार** गरी मिति २०७५।०८।२८ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको ।

- मिति २०७५।०९।१५, मिति २०७५।११।२७ र मिति २०७६।३।१२ गते राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसी राष्ट्रिय सुरक्षा नीति, २०७५ को मस्यौदालाई अनुमोदन गर्ने लगायतका विभिन्न महत्वपूर्ण निर्णयहरू भएको ।

- मिति २०७५।११।२७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय सुरक्षा परिषद्को १८औं वार्षिकोत्सव सम्पन्न भएको ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## अन्तर्राष्ट्रिय शान्ति स्थापना मिशनसँग सम्बद्ध सैनिक मञ्चमा सहभागिता

- चीनको राजधानी बेइजिङ्गमा २४-२६ अक्टोवर २०१८ मा आयोजित 8th Xiangshan Forum मा सहभागी भई माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेना खटाई अन्तर्राष्ट्रिय शान्ति स्थापनामा पुर्‍याएको योगदान र आगामी दिनमा शान्ति सेना परिचालनमा गरिनुपर्ने सुधारका विषयमा नेपालको धारणा प्रस्तुत गर्नुभएको ।

- मिति २०७५।१२।१५ देखि ऐ १८ गतेसम्म संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा आयोजित United Nations Peacekeeping Ministerial Conference on Uniformed Capabilities, Performance and Protection कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले नेपालको तर्फबाट भाग लिनुभई नेपालको अवधारणा प्रस्तुत गर्नुभएको ।

# आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

## द्विपक्षीय सैनिक सम्बन्ध र सहयोग विस्तारः

- सन् २०१८ को अक्टोबरमा मित्रराष्ट्र चीन सरकारका माननीय रक्षा मन्त्री श्री वेइ फेङ्ग र नेपाल सरकारका माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलबीच नेपाली सेनाको क्षमता अभिवृद्धिका लागि चीन सरकारले उपलब्ध गराउने १५ करोड युयान (करिब २ अर्ब ६० करोड नेपाली रुपैंया) बराबरको सैन्य सहायता आदान-प्रदान सम्बन्धी सम्झौतामा दुई देशबीच हस्ताक्षर सम्पन्न भएको ।

- सो अन्तर्गत प्राप्त गरिने सैन्य सहायताको प्रोटोकलमा दुई देशका प्रधानसेनापतिहरूबीच यही २०७६ असार महिनामा बेइजिङ्गमा हस्ताक्षर सम्पन्न भएको।


- Nepal-India Bilateral Consultative Group on Security Issues (NI-BCGSI) को तेह्रौं बैठक २७-२८ मंसिर, २०७५ मा काठमाण्डौंमा आयोजना भई उक्त बैठकमा नेपाल र भारत दुई देशका सुरक्षा सरोकारका विषयहरूका साथै नेपाली सेना र भारतीय सेनाबीच विभिन्न क्षेत्रमा सहयोग आदान-प्रदान गर्ने विषयमा विस्तृत छलफल भई विभिन्न निर्णय तथा समझदारी भएको।

- नेपाली सेनाका प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाज्यूले मिति २०७५/०९/२७ गतेदेखि ऐ. २०७५/१०/०२ गतेसम्म भारतको र मिति २०७६/०३/०१ गतेदेखि ऐ. ०७ गतेसम्म चीनको भ्रमण गर्नुभई द्विपक्षीय सैनिक सम्बन्ध सुदृढ तुल्याउन मद्दत पुगेको। साथै, मिति २०७६/३/२५ र २६ गते न्युयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा Chiefs of Defense Conference मा सहभागी हुनुभई नेपाल र सूंयुक्त राष्ट्र संघ बीचको सम्बन्धलाई अझ मजबुत बनाउन सहयोग पुगेको र सोही अवधिमा मित्रराष्ट्र अमेरिका र अन्य मित्रराष्ट्रहरुको उच्च पदस्थ सैनिक अधिकारीहरुसँग भेटघाट भएको ।

# रक्षा मन्त्रालय अन्तर्गत सञ्चालित क्रियाकलापहरुको रेटिङ्गको सारांश

| रेटिङ | क्रियाकलाप | कैफियत |
|---|---|---|
| ***** | ७ वटा | हरियो रङ्ग प्राप्त |
| **** | ५ वटा | पहेलो रङ्ग प्राप्त |
| *** | १ वटा | |
| ** | - | रातो रङ्ग प्राप्त |
| * | १ वटा | |
| माइलस्टोन तोकिएका जम्मा क्रियाकलाप | १४ वटा | |

# रक्षा मन्त्रालयको रेटिङ्ग वृत्तचित्र (वार्षिक)



# रक्षा मन्त्रालयको बेरुजु फछ्र्यौंट स्थिति

- चालु आ.व. २०७५/७६ को असार मसान्तसम्मको बेरुजु रकम र फछ्र्यौंट स्थिति

  - जम्मा बेरुजु रकम:- रु. ९,३३,४४,०५,०००।-
  - बेरुजु फछ्र्यौंट:- रु. ६,२८,७६,६८,०००।-
  - प्रतिशत :- ६७.३६%

# आ.व. २०७५/७६ मा हेलो सरकारबाट प्राप्त गुनासो फछ्र्यौटसम्बन्धी प्रगति विवरण

| प्राप्त गुनासो/ निवेदन संख्या | गुनासो फछ्र्यौट संख्या | फछ्र्यौट हुन बाँकी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १२७ | ९२ | ३५ | ७२.४% फछ्र्यौट |

# राष्ट्रिय विकास समस्या समाधान समितिको ४२ औं बैठकको निर्णय कार्यान्वयनको स्थिति

## निर्णय भएको विषय

**नि.नं. २.**

तयारी विस्फोटक पदार्थ आयात गर्न कुनै अवरोध नरहे पनि विस्फोटक पदार्थका लागि आवश्यक कच्चा पदार्थ आयातमा केही अवरोध रहने गरेकोले परराष्ट्र मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सरकारी तहमै भारतसँग वार्ता गरी यस्तो कच्चा पदार्थ आयातलाई २०७५ साउन मसान्तभित्रमा सहज बनाउने र नेपाली सेनाबाट विस्फोटक पदार्थ तयार गर्न लगाई विकास निर्माण कार्यमा यसको अभाव नहुने व्यवस्था गर्ने ।

## कार्यान्वयन स्थिति

यस विषयमा मिति २०७५।४।४ को श्रीमान् सचिवस्तरीय निर्णयानुसार मिति २०७५।४।०६ मा परराष्ट्र मन्त्रालय, दक्षिण एशिया महाशाखालाई पत्र लेखी भारत सरकारसित सरकारी तवर (G to G level) मा वार्ता गर्न सकिने नसकिने सम्बन्धमा नयाँ दिल्लीस्थित नेपाली राजदूतावास मार्फत बुझ्न र सो को जानकारी यस मन्त्रालयलाई उपलब्ध गराउन लेखी पठाइएकोमा जवाफ प्राप्त हुन बाँकी ।

**कच्चा पदार्थ आयातको हालको अवस्थाः**

आ.व. २०७५/७६ मा विस्फोटक पदार्थ उत्पादनका निम्ति भारतबाट २०,६६,३०० के.जी कच्चा पदार्थ खरिद गर्ने निर्णय भएकोमा १२,२६,३०० के.जी. कच्चा पदार्थ प्राप्त भइसकेको र ८,४०,००० के.जी. कच्चापदार्थ आउने क्रममा रहेको ।

# राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकको निर्णय कार्यान्वयनको स्थिति

## निर्णय भएको विषय

**नि.नं. १.**

राष्ट्रपति चुरे तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्रको संवेदनशीलतालाई मध्यनजर राखी निश्चित क्षेत्रहरुबाट राजमार्ग, विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि Corridor तोक्न खाका पेश गर्ने ।

## कार्यान्वयन स्थिति

- नेपाली सेनाद्वारा संरक्षित निकुञ्ज तथा आरक्षहरुमा राष्ट्रिय प्राथमिकता प्राप्त विकासका आयोजना पर्ने भए तापनि संरक्षित क्षेत्रको व्यवस्थापन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट हुने हुँदा आयोजनाहरुको करिडोर तोक्ने सम्बन्धमा नेपाली सेनाको भूमिका नभएको ।

- सडक विभागबाट निर्माणाधीन सडक आयोजनाहरु मध्ये नेपाली सेनालाई जिम्मेवारी प्राप्त विभिन्न खण्ड (सडक आयोजना) हरुको रेखाङ्कन सडक विभागबाट नै हुने गरेको।

# राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकको निर्णय कार्यान्वयनको स्थिति

## निर्णय भएको विषय

**नि.नं. ४.**

स्वीकृत खरिद गुरुयोजना अनुसार वार्षिक बजेट विनियोजन नभएको र खरीद योजना अनुसार कार्य सम्पादनको अनुगमन नभएको सन्दर्भमा सबै विषयगत मन्त्रालयले खरिद गुरुयोजना अनुसार बन्ने वार्षिक खरिद योजना श्रावण मसान्तभित्र स्वीकृत गरी सो अनुसार अनुगमन गरी अद्यावधिक विवरण र प्रगति हुन नसकेको भए समस्या सहित उल्लेख गरी २०७५ असोज मसान्तभित्र रा. यो. आ. मा पेश गर्ने र अर्थ मन्त्रालयले स्वीकृत खरिद योजना अनुसार वार्षिक बजेट विनियोजन गर्ने।

**नि.नं. ५.**

राष्ट्रिय आयोजना बैंक (National Project Bank) निर्माण गर्न विषयगत मन्त्रालय तथा निकायहरूले आयोजना बैंकमा समावेश हुने आयोजनाहरूको विवरण २०७५ कार्तिक मसान्तभित्र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा आयोगमा पेश गर्ने ।

## कार्यान्वयन स्थिति

**नि.नं. ४.**

- रक्षा मन्त्रालयको भवन निर्माणको खरिद गुरुयोजना तयार भई सोही अनुसार वार्षिक खरिद योजना तथा कार्यक्रम समयमै स्वीकृत भई कार्यान्वयनमा रहेको ।
- नेपाली सेनाको लागि आवश्यक सामग्री र उपकरण खरिद गर्न खरिद गुरुयोजना तयार भई स्वीकृत खरिद गुरुयोजनामा आधारित भई वार्षिक खरिद योजना तथा कार्यक्रम स्वीकृत भई कार्यान्वनयमा रहेको।
- स्वीकृत खरिद योजना अनुसार कार्य भए नभएको नियमित रूपमा अनुगमन गर्ने गरिएको ।

**नि.नं. ५.**

- रक्षा मन्त्रालय र अन्तर्गत निकायबाट आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजनाहरूको विवरण निर्धारित ढाँचामा भरी मिति २०७५ मंसिर १० मा राष्ट्रिय योजना आयोगमा उपलब्ध गराई सकिएको ।

# राष्ट्रिय विकास समस्या समाधान समितिको ४४औं बैठकको निर्णय कार्यान्वयनको स्थिति

## निर्णय भएको विषय

- बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/ आयोजनाहरूको हालसम्म सिर्जित दायित्वको एकिन तथ्याङ्क तयार गर्ने।
- काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना सम्बन्धी समस्याग्रस्त ३ विषयहरु समाधान गर्ने-
  - खोकना तथा बुङ्गमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा सम्बन्धी विषय
  - सुरुङ्ग मार्ग परिवर्तन सम्बन्धी विषय
  - द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ताको व्यवस्था

## कार्यान्वयन स्थिति

- मन्त्रालय र नेपाली सेना अन्तर्गत बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/आयोजनाहरूको हालसम्म सिर्जित दायित्वको यकिन गर्न नीति योजना महाशाखा प्रमुखको अध्यक्षतामा नेपाली सेनाको विकास निर्माण निर्देशनालय, बजेट निर्देशनालय र मन्त्रालयका आर्थिक प्रशासन शाखाका उपसचिव सदस्य रहेको समिति गठन भई दायित्व रकम एकीन गरी मिति २०७६।०३।४ गते रा.यो.आ.मा पठाइएको ।
- खोकना तथा बुंगमती क्षेत्रको जग्गा अधिग्रहणको विषयलाई सल्टयाउन रा.यो.आ.का माननीय सदस्यज्यूको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित समिति गठन भई छलफल परामर्श चलिरहेको।
- सुरुङ्ग मार्गको विषयमा अन्तर्राष्ट्रिय परामर्शदाताबाट पेश भएको DPR स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएकोले सोही अनुसार हुने ।
- द्रुतमार्ग निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने विषयमा मिति २०७५।१२।११ गते मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएको ।

# कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती र सम्बोधन गर्नुपर्ने विषयहरू

- **बजेट निकासा र खर्च सम्बन्धीः**

- LMBIS मा प्रविष्टि भइसकेको बजेट रकम पनि लामो समयसम्म Lock-in भएर बस्दा पहिलो चौमासिकमा नेपाली सेनाको लागि मेशिनरी औजार शीर्षकमा विनियोजित बजेटबाट आवश्यक उपकरण खरिद गर्न पहिलो चौमासिकमा आवश्यक प्रक्रिया शुरु गर्न नसकिंदा दोस्रो चौमासिकमा लक्ष्य अनुसार उपकरण खरिद गर्न केही ढिलाइ भएको।

- विभिन्न कारण देखाई बारम्बार कार्यक्रम संशोधनका लागि पेश हुने तथा गैर-बजेटरी कार्यक्रमका लागि बजेट माग गर्ने प्रवृत्ति ।

- **काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनासँग सम्बन्धित विभिन्न विषयहरूः**

  - द्रुतमार्ग निर्माणका लागि कतिपय ठाउँमा थप जग्गा अधिग्रहण गर्नुपर्ने तथा कतिपय ठाउँमा साबिकमा प्रस्तावित सडक मार्गको एलाइनमेन्ट र सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने, खोकना बुङमती क्षेत्रमा अधिग्रहण भएका जग्गाको मुआब्जा कम भएको, त्यस क्षेत्रमा पुरातात्विक सम्पदालाई संरक्षण गर्ने गरी निर्माण कार्य अघि बढाउनुपर्ने स्थानीय बासिन्दाको माग।

  - काठमाण्डौं-तराई/मधेश द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदनको स्वीकृतिमा भइरहेको ढिलाइ ।

# कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य चुनौती र सम्बोधन गर्नुपर्ने विषयहरू

- **विभिन्न करिडोर निर्माणका लागि बजेट अपर्याप्त**

कालीगण्डकी कोरिडर, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्के भञ्याङ्ग लगायतका सडक मार्ग निर्माणका लागि आ.व.को शुरुमै पर्याप्त बजेट विनियोजन हुन नसक्दा पटक पटक कार्यक्रम संशोधन तथा बजेट थप गर्न परेको ।


- **नेपाली सेनाको आधुनिकीकरण तथा क्षमता अभिवृद्धिका लागि बजेट अपर्याप्त**

नेपाली सेनालाई सालबसाली रूपमा प्राप्त हुने गरेको वार्षिक बजेटमा पूँजीगत बजेट तुलनात्मक रूपमा ज्यादै न्यून रहेकोले विपद् व्यवस्थापन लगायत् विभिन्न विशेष इक्विपमेन्ट खरिद गर्न र पुराना हातहतियारलाई नयाँ हतियारले प्रतिस्थापन गर्दै जाने नीतिलाई कार्यान्वयन गर्न चुनौती रहेको । साथै, सैनिक हवाई सेवाको लागि थप जहाजहरू खरिद गर्न तथा ब्यारेक निर्माण कार्यको लागि समेत बजेट अपर्याप्त रहेको ।






# आ.व. २०७५/७६ मा नेपाली सेनाबाट सञ्चालित मुख्य-मुख्य कार्यक्रमहरूको तेस्रो एवं वार्षिक प्रगति विवरण




# नेपाली सेनाद्वारा आ.व.०७५/७६ मा सञ्चालित मुख्य कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रम |
|---|---|
| १. | काठमाण्डौं-तराई /मधेश द्रुतमार्ग निर्माण |
| २. | काली गण्डकी करिडोर निर्माण |
| ३. | कर्णाली करिडोर सडक निर्माण तथा स्तरोन्नति |
| ४. | जाजरकोट-डोल्पा (दुनै) सडक निर्माण |
| ५. | बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक निर्माण |
| ६. | सैनिक मुख्यालय सहित विभिन्न संरचनाहरुको पुनर्निर्माण |
| ७. | नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम |
| ८. | नेपाली सेनाको हवाई क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम |
| ९. | नेपाली सेनाको जमिनी परिवहन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम |
| १०. | सैनिक सामग्री उत्पादन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम |
| ११. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम |

# काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग निर्माण

**विनियोजित बजेट मध्ये गत आ.व.लाई आवश्यक रु ५ अर्ब ९४ करोड ६१ लाखको कार्यक्रम संशोधन गरी ९ अर्व ४५ करोड १६ लाख ८९ हजार समयमै फिर्ता गरिएको**

- राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत जग्गा अधिग्रहणको लागि प्रशासनिक कार्य भइरहेको र रुख कटान कार्य ९७% सम्पन्न भएको ।
- निर्माणाधीन ५४ कि.मि. खण्ड मध्ये हालसम्म करिव २५.४४ कि.मि. सडक सव ग्रेड फर्मेशन लेभलसम्मको कार्य शतप्रतिशत सम्पन्न भइसकेको । १०.९२ कि.मि. सडक ८० प्रतिशत भन्दा बढी र बाँकी १६.०९ कि.मि. सडकको ५० देखि ८० प्रतिशतसम्म कार्य सम्पन्न भएको ।
- निजगढ, लेनडाँडा र मख्खुबेशीमा ल्याव घर निर्माण कार्य सम्पन्न भएको ।
- आयोजनाको केन्द्रिय कार्यालय, खोकना र धेद्रे बेशक्याम्प निर्माण कार्य सम्पन्न । क्याम्प निर्माण कार्य शतप्रतिशत सम्पन्न ।
- विस्तृत परियोजना प्रतिवेदन **(Detail Project Report: DPR)**तयार भई स्वीकृतिको लागि नेपाल सरकारमा पेश गरिएको ।
- अन्तर्राष्ट्रिय परामर्शदाता छनौट अन्तिम चरणमा रहेको । ६ वटा कम्पनीले Request for Proposal (RFP) Submission गरेको ।

# काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माणको तस्बिरहरु





# काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माणको तस्बिरहरु





# कालीगण्डकी करिडोर सडक (८० कि.मि.)

**विनियोजित बजेट: रु ३० करोड**

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | सडक चौडा गर्ने | • डबल लेनको बाटोको निर्माण सुरु हुने ।<br>• सडक स्तरोन्नति ।<br>• ३१ कि.मि. ट्र्याक १० मि. चौडाइ गर्ने । | ▪ गुल्मी जिल्लाको रिडीदेखि बाग्लुङ्ग जिल्लाको मालढुङ्गासम्म खोलिएको ८ मि. चौडाइको ८० कि.मि. ट्र्याकमध्ये आ.व. ०७५/७६ मा ३१ कि.मि.लाई १० मि. चौडाइ गर्ने वार्षिक लक्ष्य बमोजिम ३१ कि.मि. ट्र्याक चौडाइ गरी भौतिक प्रगति १००% सम्पन्न ।<br>▪ हालसम्म ३८ कि.मि. ट्र्याक फराकिलो पार्ने कार्य सम्पन्न । |

# कालीगण्डकी करिडोर सडकको तस्बिरहरु





# कर्णाली-करिडोर सडक निर्माण आयोजना (१४५ कि.मि.)

**विनियोजित बजेटः रु ३० करोड**

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | ट्र्याक निर्माण गर्ने | • बेलिवृज जडान ।<br>• क्याम्प स्थापना ।<br>• १४ कि.मि. ट्र्याक खोल्ने । | ▪ स्वीकृत वार्षिक कार्यक्रम बमोजिम आ.व. ०७५/७६ को तेस्रो एवं वार्षिक लक्ष्य बमोजिम १४ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न भई भौतिक प्रगति १००% ।<br>▪ कुवाडीखोलामा ५१ मि.लामो बेलीबृज जडान र खच्चा ११५ कि.मि.मा क्याम्प १ स्थापना सम्पन्न ।<br>▪ हालसम्म १०६ कि.मि. ट्र्याक खोल्ने कार्य पूरा भएको । |

# कर्णाली-करिडोर सडकको तस्बिरहरु





# जाजरकोट-डोल्पा (दुनै) सडक निर्माण आयोजना (११७.७ कि.मि.)

**विनियोजित बजेट: रु ७ करोड २२ लाख ३० हजार**

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | ट्र्याक खोल्ने कार्य सम्पन्न गरी सडक हस्तान्तरण गर्ने (जाजरकोटको पासागाडदेखि डोल्पाको त्रिपुराकोट (सुपानी) सम्म | • ०.५ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न हुने ।<br>• सडक हस्तान्तरण कार्य ।<br>• आवश्यक खण्डमा सुधार कार्य गर्ने । | • नेपाली सेनालाई जिम्मेवारी प्राप्त कुल १०३.४ कि. मि. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरी मिति २०७५/८/४ गते उक्त सडकको समुदघाटन भई १००% कार्य सम्पन्न ।<br>• डोल्पा सदरमुकाम दुनैसम्म खण्डीकृत रुपमा यातायात सुचारु।<br>• सुपानी दुनैखण्ड (१०३.४ कि.मि.देखी ११७.७ कि.मि) को १४ कि.मि. निर्माण कार्य सम्पन गरी कुल ११७.७ कि.मि.सम्पन्न ।<br>• सडक विभागलाई हस्तान्तरणका लागि पत्राचार गर्ने क्रममा रहेको । |

# जाजरकोट-डोल्पा (दुनै) सडकको तस्बिरहरु






# बेनीघाट-आरुघाट-लार्केभञ्याङ्ग सडक निर्माण आयोजना (११८ कि.मि.)

**विनियोजित बजेटः रु २१ करोड ५० लाख**

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | ट्र्याक निर्माण गर्ने | • ९.२ कि.मि. ट्र्याक खोल्ने<br>• बेलिबृजको एवुटमेन्ट निर्माण<br>• क्याप स्थापना | • तेस्रो एवं वार्षिक लक्ष्य बमोजिम् ९.२ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न भई १००% भौतिक प्रगति हासिल।<br>• सल्लेरी २६.कि.मि. (गोरखा) मा थप १ क्याम्प स्थापना र माछाखोला ९ कि.मि.मा बेलिबृजको एवुटमेन्ट निर्माण सम्पन्न ।<br>• हालसम्म २६ कि.मि. ट्र्याक निर्माण सम्पन्न । |

# बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडकको तस्बिरहरु





# भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण-१

**विनियोजित बजेट: रु.** १ अर्ब ५१ करोड ११ लाख ३३ हजार

| क्र.सं. | विषय/ मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | **भूकम्पबाट क्षतिग्रस्त विभिन्न भौतिक संरचनाहरू पुनर्निर्माण गर्ने:**<br><br>सैनिक मुख्यालय, भद्रकाली ।<br>विनियोजित बजेट: ९३,९९,९८,००० | • भवन निर्माण सम्पन्न गर्ने । | • हालसम्म १००% निर्माण कार्य सम्पन्न<br>• जंगी अड्डाको निर्माण कार्य सम्पन्न भई २०७६/१/१० गते सम्माननीय राष्ट्रपतिज्यूबाट नवनिर्मित भवनको समुद्घाटन भएको ।<br><br>क्रमश: |

# भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण-२

**विनियोजित बजेटः रु १ अर्ब ५१ करोड ११ लाख ३३ हजार**

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | भूकम्पबाट क्षतिग्रस्त विभिन्न भौतिक संरचनाहरू पुनर्निर्माण गर्नेः<br><br>(क) सैनिक प्रहरी गण, भद्रकाली बजेटः ३,१३,८८,०००।-<br><br>(ख) गणेशदल गण, तोपखाना बजेटः १९,७६,००,०००।-<br><br>(ग) लक्ष्मीनिवास, महाराजगन्ज बजेटः २८,२९,३१,०००।-<br><br>(घ) वीरेन्द्र अस्पताल, छाउनी बजेटः ५,९२,१६,०००।- | • निर्माण कार्यको निरन्तरता | बहुवर्षीय कार्यक्रम अनुसार निकासा रकम बमोजिम वार्षिक लक्ष्यको १००% प्रगति हासिल भएको ।<br><br>उक्त आ.व.मा विनियोजित रकमबाट शत प्रतिशत काम सम्पन्न । सम्पूर्ण कार्यक्रम पुरा गर्न आ.व.०७६/७७ मा रकम विनियोजन भएको |

# भवन निर्माण कार्यक्रम

विनियोजित बजेट रु. २ अर्ब ३३ करोड १७ लाख ४७ हजार

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | **बङ्करदेखि ब्यारेक कार्यक्रमः** अन्तर्गत नेपाली सेनाका ८ वटा पृतना अन्तर्गत मुलुकका विभिन्न क्षेत्रमा कूल १६४ वटा नयाँ भौतिक संरचना/पूर्वाधारहरू (निवास भवन, भान्छा घर, कार्यालय भवन, किचन/डाइनिङ्ग हल र अन्य भवनहरु) निर्माण गर्ने) | ▪ निर्माण कार्य सम्पन्न गर्ने | ▪ निर्माण कार्य १००% सम्पन्न ।<br>▪ १६४ वटा भौतिक संरचनाको निर्माण सम्पन्न । |
| २. | **जनता आवास पुर्निर्माण(बारा र पर्सा):** २०७५ चैत्र १७ गते आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका विभिन्न स्थानहरुमा क्षति भएका ८८४ घरहरुको पुनर्निर्माण गर्ने । | | ▪ १०० वटा घरहरुको सम्पूर्ण निर्माण कार्य सम्पन्न ।<br>▪ १३१ वटा घरहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको र बाँकी घरहरुको निर्माण कार्य तदारुकताका साथ भइरहेको । |

# नेपाली सेनाको क्षमता अभिवृद्धि (विपद् व्यवस्थापन क्षमता अभिवृद्धि)

| क्र.सं. | क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | CSSR, Fire Fighting Engineering Equipment सामग्री खरिद<br><br>हवाई साधन प्राप्त गर्ने । | • सामान खरिद | CSSR, Mountaineering, Fire Fighting, Waterman ship, Medial First Responder (MFR) का प्याकेजहरुको खरिद सम्झौता सम्पन्न भई प्राप्त हुने क्रममा रहेको ।<br><br>वार्षिक लक्ष्यको १००% प्रगति हासिल ।<br><br>लाइट हेलिकप्टर २ र मिडियम हेलिकप्टर १ प्राप्त भएको । |
| २. | विपद् व्यवस्थापन तालिम सञ्चालन गर्ने । | • विभिन्न तालिम कार्यक्रमको सञ्चालन | स्थानीय समुदायलाई लक्षित गरी विभिन्न स्थानमा सञ्चालित २४ वटा सामुदायिक विपद् प्रतिकार्य तालिममा ५७६ जनाले र नेपाली सेनामा विपद् व्यवस्थापन सम्बन्धी २८ वटा तालिमहरु सञ्चालन भई ९९५ ले प्रशिक्षण लिएको।<br><br>वार्षिक लक्ष्यको १००% प्रगति हासिल । |

# नेपाली सेनाको क्षमता अभिवृद्धि (हवाई क्षमता अभिवृद्धि)

| क्र.सं | क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | हवाई क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने हवाई साधनहरु खरिद गर्दै जाने योजना अनुसार आ.व.२०७४/७५ मा खरिद सम्झौता भएका देहायको हवाई साधनहरु प्राप्त गर्नेः<br>Medium VVIP हेलिकप्टर -१<br>Fixed Wing Aircraft -१<br>Trainer जहाज -२ | • प्रतीत पत्र खोल्ने<br>• जहाज प्राप्ति | • ट्रेनर जहाज २, २०७५ पौष महिनामा प्राप्त भएको ।<br>• Medium VVIP हेलिकप्टर १ को Pre-Shipment Inspection भइरहेको ।<br>• Medium Aircraft (Fixed Wing) १ को Pre-Shipment Inspection तथा तालिमको तयारी भइरहेको ।<br>वार्षिक लक्ष्यको १००% प्रगति हासिल । |
| २. | हवाई मेसिनरी औजार खरिद (विभिन्न स्पेयर पार्टस) | • सामान प्राप्ति<br>• मर्मत सम्भार | • हवाई साधनहरु मर्मतको लागि आवश्यक पार्टसहरु खरिद तथा मरामत गरिएको ।<br>वार्षिक लक्ष्यको १००% प्रगति हासिल । |

# नेपाली सेनाको क्षमता अभिवृद्धि (सैनिक सामग्री उत्पादन क्षमता अभिवृद्धि)

| क्र.सं. | क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | • सैनिक सामग्री उत्पादन क्षमता अभिवृद्धि गरी क्रमिक रुपमा आत्मनिर्भर हुने । | • खरिद प्रक्रिया सम्पन्न गर्ने | • Detonator Plant को Specification लाई अन्तिम रुप दिई खरिद प्रक्रिया अगाडि बढाउने क्रममा विभिन्न राष्ट्रबाट G to G मार्फत खरिद गर्न Offer प्राप्त भई मूल्याङ्कन पेश भएको ।<br>• आ.व.०७५/७६ को लागि प्रस्ताव गरिएको सम्पूर्ण मेशिनरी उपकरण र उत्पादन सामग्रीहरुको खरिद प्रक्रिया सम्पन्न ।<br>• वार्षिक लक्ष्यको १००% प्रगति हासिल । |

# नेपाली सेनाको क्षमता अभिवृद्धि (मेशिनरी औजार क्षमता अभिवृद्धि)

| क्र.सं. | क्रियाकलाप | माइलस्टोन | तेस्रो चौमासिक एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | पुराना हतियारहरुलाई प्रतिस्थापन गर्दै क्रमिक रुपमा M16 वा सो सिरिजका हतियारको व्यवस्थापन गर्ने । | • खरिद प्रक्रिया सम्पन्न | • हतियार खरिद सम्बन्धमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार हालसम्म कानूनी रुपमा अन्तिम टुङ्गोमा पुगेका विभिन्न हतियार तथा स्पेयर पार्टस प्राप्त हुने प्रक्रियामा रहेको। |
| २. | अफिस इक्विपम्मेण्ट, स्पेशल इक्विपम्मेण्ट, सञ्चार उपकरण, इन्जिनियरिङ्ग इक्विपम्मेण्ट खरिद गर्ने | • सामान प्राप्ति र विभिन्न युनिटहरूलाई वितरण | • मेसिनरी औजार सामग्री आपूर्तिको लागि खरिद सम्झौता भई ठेकेदारबाट सामान प्राप्त हुने क्रममा रहेको र प्राप्त भएका सामग्रीहरु बितरण प्रक्रियामा रहेको । |

# नेपाली सेनाको क्षमता अभिवृद्धि (जमिनी परिवहन क्षमता अभिवृद्धि)

| क्र.सं. | क्रियाकलाप | माइलस्टोन | तेस्रो एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | प्राथमिकताको आधारमा विभिन्न प्रकारका ८८ वटा सवारी साधन (एस्कर्ट जिप/पिक अप, एम्बुलेन्स, वारुणयन्त्र, हार्डटप जिप, मिनिबस/ माइक्रोबस, MPV, मोटर साइकल र अन्य सवारी साधन) खरिद गर्ने । | • खरिद सम्झौता<br>• सामान प्राप्ति | • खरिद सम्झौता सम्पन्न भई विभिन्न प्रकारको ७५ वटा सवारी साधन प्राप्त भएको र १२ वटा सवारी साधनहरु प्राप्त हुने क्रममा रहेको ।<br>• विभिन्न देशमा कार्यरत सैनिक सहचारीहरुको लागि सवारी साधन खरिद गर्न परराष्ट्र मन्त्रालयमा रकम पठाइएको।<br>• एम्बुलेन्स १ खरिद रद्द भएको ।<br><br>वार्षिक लक्ष्यको ९८.८६% प्रगति हासिल । |

# राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउने

| क्र.सं. | विषय/मुख्य क्रियाकलाप | माइलस्टोन | तेस्रो एवं वार्षिक प्रगति |
|---|---|---|---|
| १. | आ.व.०७४/७५ को विनियोजित बजेट अनुसार राष्ट्रपति चुरे-तराई/मधेश संरक्षण योजना अन्तर्गत सिराहा, रुपन्देही, बर्दिया र कैलाली जिल्लामा गरी ४ वटा तालहरुको संरक्षण तथा संवर्द्धन गर्ने सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने ।<br><br>आ.व.०७५/७६ को लागि राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट कुनै बजेट विनियोजन नभएको । | • ताल तलैया संरक्षण तथा संवर्द्धन<br><br>• हस्तान्तरण कार्य | • सिराहा जिल्लास्थित कमल दह र बर्दिया जिल्लास्थित बढैया ताल संरक्षण, सम्बर्द्धन, जीर्णोद्धार, व्यवस्थापन तथा नयाँ निर्माण कार्य सम्पन्न गरी मिति २०७५/६/१८ गते सम्बन्धित निकायलाई हस्तान्तरण गरिएको ।<br><br>• रुपन्देही जिल्लास्थित गजेडी ताल र कैलाली जिल्लास्थित कोइलही ताल संरक्षण, सम्बर्द्धन जीर्णोद्धार, व्यवस्थापन तथा नयाँ निर्माण कार्य सम्पन्न गरी मिति २०७५/६/२८ गते सम्बन्धित निकायलाई हस्तान्तरण गरिएको । |

# आ.व. २०७५/७६ मा उल्लेखनीय उपलब्धि हासिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयासहरु सम्बन्धमा भएको प्रगतिको विवरण

| विषय/क्रियाकलाप | हालसम्मको प्रगति |
| --- | --- |
| ▪ National Defence University (NDU) स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन पूरा गर्ने । | ▪ सम्भाव्यता अध्ययन टोलीबाट अध्ययन विश्लेषण भई प्रारम्भिक अवधारणा प्रस्तुतीकरण भइसकेको । |
| ▪ सबै प्रदेशहरुमा १/१ वटा सैनिक अस्पताल निर्माण गरी सैनिक तथा गैरसैनिक सबैलाई सहज र सुलभ रूपमा स्वास्थ्योपचार सेवा उपलब्ध गराउने । | ▪ प्रदेश नं. ५ को नेपालगन्जमा सैनिक अस्पताल सञ्चालनमा आएको, प्रदेश नं.१ को इटहरीमा सैनिक अस्पतालको निर्माण कार्य सम्पन्न भइ आवश्यक औषाधी तथा सामानहरु खरिद गर्ने प्रक्रियामा रहेको र प्रदेश नं. ४ को पोखरामा पूर्वाधार निर्माण कार्य भइरहेको । |
| | क्रमशः |

# आ.व. २०७५/७६ मा उल्लेखनीय उपलब्धि हासिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयासहरुसम्बन्धमा भएको प्रगतिको विवरण

| विषय/क्रियाकलाप | हालसम्मको प्रगति |
|---|---|
| ▪ पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई भौतिक पूर्वाधार तथा अन्य स्रोत साधन सम्पन्न बनाई अन्तर्राष्ट्रियस्तरको सैनिक प्रशिक्षण केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने । | ▪ केन्द्रलाई आवश्यकता अनुसारका भौतिक साधनहरू विनियोजित बजेटका अधीनमा रही उपलब्ध गराइँदै आइएको ।<br>▪ UN मा तैनाथ हुनुपूर्व वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सञ्चालन हुने UN Staff Officer Course र Pre-deployment तालिमहरुलाई UN ले मान्यता प्रदान गरेको ।<br>▪ केन्द्रमा बहुराष्ट्रिय शान्ति सैनिकको सहभागिता सहित अन्तर्राष्ट्रियस्तरको अभ्यास तथा तालिम सञ्चालन भइरहेको ।<br>▪ नेपाल प्रहरी र सशस्त्र प्रहरी बल-नेपालका शान्ति स्थापनार्थ खटिने टोलीलाई समेत केन्द्रले तालिम प्रदान गरिरहेको ।<br>▪ त्रिभुवन विश्वविद्यालय तथा काठमाण्डौ विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध तथा द्वन्द्व व्यवस्थापनमा अध्ययनरत स्नातकोत्तर तहका विद्यार्थीहरुलाई भ्रमण गराई अन्तर्क्रिया गर्ने कार्य प्रारम्भ गरिएको ।<br><br>क्रमशः |

# आ.व. २०७५/७६ मा उल्लेखनीय उपलब्धि हासिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयासहरुसम्बन्धमा भएको प्रगतिको विवरण

| विषय/क्रियाकलाप | हालसम्मको प्रगति |
|---|---|
| ▪ विपद् तथा अन्य आपत्कालीन अवस्थामा पेट्रोल, डिजेल, ग्याँस लगायतका वस्तुको अभाव हुन नदिन तथा द्रुततर आपूर्ति सुनिश्चित गर्न नेपाली सेनालाई रणनीतिक भण्डारणको व्यवस्था गर्ने । | ▪ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कार्य टोली गठन भई अध्ययन भइरहेको । |
| ▪ **नेपाली सेनालाई सैनिक सामग्री उत्पादनमा आत्मनिर्भर बनाउन देहायका उद्योगहरुको सुदृढीकरण गर्दै जाने:**<br>१. सैनिक पोशाकमा प्रयोग हुने सामग्री उत्पादन उद्योग<br>२. सैनिक इक्विपमेन्ट उत्पादन उद्योग<br>३. खुकुरी उत्पादन उद्योगको स्तरोन्नति<br>४. मुलुकको विकास निर्माणको लागि आवश्यक हुने विष्फोटक पदार्थहरु, स्मल आर्मस् लगायत मर्द्दाति हतियारको एम्युनिशनहरु उत्पादन उद्योग | ▪ सुन्दरीजल आर्शनल कार्यालय तथा बहुव्यवसाय उद्योग पहिरन सामग्री शाखामा उत्पादन सुरु भइसकेको ।<br>▪ सैनिक वेभ इक्विपमेन्टको नमूना उत्पादन गरी परीक्षण भइरहेको ।<br>▪ खुकुरी उत्पादनको लागि प्लाण्ट Installation गरी परीक्षण उत्पादन गरिएको ।<br>▪ विष्फोटक पदार्थ (TNT) तथा १२० मि.मि. र ८१ मि.मि. मोर्टारको बम उत्पादन गरी परीक्षण समेत भइसकेको ।<br>▪ श्री सुन्दरीजल आर्शनल कार्यालयमा ७.६२ मि.मि. को नँया प्लान्ट स्थापना गर्न South Korean Company को प्राविधिक टोली स्थलगत अध्ययन गरी कार्य प्रारम्भ भएको । |

# अन्तर्राष्ट्रिय शान्ति सेनामा सहभागिता

- विश्व शान्तिमा योगदान पुऱ्याउने नेपाल सरकारको परराष्ट्र नीतिलाई सहयोग पुग्ने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरुमा शान्ति सेनामा सहभागी गराउने तथा थप मुलुकहरुमा समेत शान्ति सेना फौजको उल्लेख्य उपस्थिति जनाई राष्ट्रिय हितको जगेर्ना गर्ने नीतिलाई निरन्तरता दिँदै आइरहेको ।
- शान्ति स्थापनार्थ फौजको संख्या वार्षिक रुपमा कुल नफ्रिको १०% पुऱ्याउने हेतुले फौजको हातहतियार तथा सैन्य सामग्रीहरुको व्यवस्थापन गरिँदै आइरहेको ।

| आ.व. | फौज योगदान | मिशनहरुमा सहभागिता | शुरुदेखि आ.व. को अन्त्यसम्मको कुल सहभागिता | आ.व.को सहभागिता |
|---|---|---|---|---|
| ०७४/७५ | छैटौं स्थान | १२ वटा | १,२०,८२५ जना (१,११० महिला सैनिक) | ५,०३३ जना (१३८ महिला सैनिक) |
| ०७५/७६ | पाँचौं स्थान | १३ वटा | १,२६,५०४ जना (१,२५७ महिला सैनिक) | ५,०७३ जना (२०५ महिला सैनिक) |

# नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य

- सर्पदंश उपचार सेवा संख्या - **३,०३६ जना** ।
- निःशुल्क स्वास्थ्य सेवा प्रदान - **८२,००९ जना** ।
- रक्तदान - २०२ जना सैनिक व्यक्तिहरुबाट ।
- श्रमदान - **५४,३६५** जना सैनिक व्यक्तिहरुबाट ।
- आगलागी नियन्त्रणमा परिचालित फौज - **५०८** स्थानमा ।
- Improvised Explosive Device (IED) निष्क्रिय - **८८** स्थान ।
- Mine Risk Education (MRE) - **५२३** स्थानहरुमा सञ्चालन गरी लाभान्वित संख्या १९०६० ।
- हवाई उद्धार - २७५ जना
- वृक्षारोपण - ६१,७६३ वटा तथा नेपाल सरकारको ***"एक नागरिक एक फलफुल विरुवा"*** कार्यक्रम अन्तर्गत मिति २०७६ आषाढ १३ गतेबाट हालसम्म सातै प्रदेशहरुमा कुल ४८,९७३ वटा विरुवा रोपिएको ।

# नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य

**मिति २०७६।०३।२६ देखि २८ गते सम्म परेको अविरल बर्षाको कारण भएका घटनाहरुमा नेपाली सेनाले गरेको मुख्य कार्यहरुः**

- पहिरो हटाउने - विभिन्न ७ जिल्लाहरुको १० स्थानमा
- **उद्धार** - बिभिन्न ७ जिल्लाहरुमा **७२३** जना
- तटबन्ध निर्माण - विभिन्न ८ जिल्लाहरुको १८ स्थानमा
- विद्युत लाईन निर्माण - विभिन्न ३ जिल्लाहरुको ३ स्थानमा
- सुरक्षित सरथानमा स्थानान्तरण - विभिन्न ७ जिल्लाहरुको १४ स्थानबाट २१९ जना
- खोलाको निकास खोल्ने कार्य - विभिन्न ७ जिल्लाहरुको ७ स्थानमा
- सडक सुचारु गर्ने कार्य - विभिन्न ४ जिल्लाहरुको ६ स्थानमा

# सैनिक कल्याणकारी कोषबाट आ.व. २०७५/७६ मा सम्पादन भएका मुख्य कार्यहरू

- वि.सं.२०३२ सालमा रु.१ करोड २४ लाख १ हजारबाट सुरु भएको सैनिक कल्याणकारी कोषमा २०७६ आषाढ मसान्तसम्म रु.३८ अर्ब ५७ करोड ६० लाख बैंक मौज्दात रहेको ।
- कल्याणकारी कोष अन्तर्गतका निकायहरुमा रु.५ अर्ब ६४ करोड ३० लाख ४० हजार सहित कोषको यथार्थ मौज्दात रु.४४ अर्ब २१ करोड ९० लाख ४० हजार रहेको ।
- कोषबाट विभिन्न विकास क्षेत्रमा भूतपूर्व सैनिक सम्मेलनमा भूतपूर्व सैनिक तथा तिनका आश्रित परिवारहरुलाई लक्षित गरी देहायका कल्याणकारी कार्यहरु सञ्चालन गरेको ।
  - ✓ बढीभन्दा बढी बहालवाला तथा भू.पू. सैनिक र हिताधिकारीहरुको बसोबासलाई मध्यनजर गरी क्यान्टोनमेन्टको अवधारणालाई विस्तार गर्न पोखरा र इटहरीका अतिरिक्त बर्दिवास र कैलालीमा अस्पताल निर्माण प्रक्रियामा रहेको ।

क्रमशः

# सैनिक कल्याणकारी कोषबाट आ.व. २०७५/७६ मा सम्पादन भएका मुख्य कार्यहरू

- ✓ बहालवाला तथा अवकाश प्राप्त सैनिकका सन्ततिहरुलाई कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययन सुविधा उपलब्ध गराउन हाल सैनिक स्कुल नभएका प्रदेश नं.२ र ५ स्थित १९ वटा संस्थागत विद्यालयहरुसँग निश्चित कक्षागत कोटाको परिधिभित्र रही शैक्षिक सत्र २०७६ बाट लागू हुने गरी सम्झौता गरिएको

- ✓ प्रदेश नं. २ को बर्दिवासमा सैनिक महाविद्यालयको निर्माण कार्य भइरहेको साथै प्रदेश नं.५ को वुटवलमा आ.व.०७६/७७ मा निर्माण सम्पन्न गर्ने योजना रहेको

- ✓ मृगौलासम्बन्धी रोग लागेका बिरामीहरुलाई उपलब्ध हुने हेमोडायलासिस सेवालाई व्यवस्थित गर्न वीरेन्द्र अस्पताल भवनमा Hemo-dialysis Satellite Pharmacy सञ्चालन गरिएको

क्रमशः

# सैनिक कल्याणकारी कोषबाट आ.व. २०७५/७६ मा सम्पादन भएका मुख्य कार्यहरू

- बहालवाला तथा अवकाश प्राप्त सैनिकका सन्ततिहरुलाई स्वदेश वा विदेशमा चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, सूचना प्रविधि, कृषि विज्ञान र वन विज्ञान संकायमा स्नातक तह वा सोभन्दा माथिल्लो तहको अध्ययनका लागि रु.२५ लाखसम्मको "सैनिक सन्तति प्राविधिक शिक्षण सहुलियत कर्जा २०७५" कार्यान्वयनमा ल्याइएको

- सैनिक महाविद्यालय भक्तपुरमा वि.एस्सि. माइक्रो बायोलोजी र सैनिक महाविद्यालय चितवनमा विज्ञान संकायमा शैक्षिक कार्यक्रम थप गरिएको

- प्रदेश नं. २ को बर्दिवासमा सैनिक महाविद्यालयको निर्माण कार्य भइरहेको साथै प्रदेश नं.५ को वुटवलमा आ.व.०७६/७७ मा निर्माण सम्पन्न गर्ने योजना रहेको

# सैनिक कल्याणकारी कोषबाट शिक्षा क्षेत्रमा भएका मुख्य कार्यहरू

**सैनिक स्कूल**

Army - ५२८७ (वीरगति - २३०)
Civil - ३०२४ (छात्रवृत्ति - २७ / Payment - २९९७)
कुल जम्मा = ८३११

**NAIHS**

Army - ४६८
Civil - ९६७ (छात्रवृत्ति - १३८ / Payment - ७४८ / MD - ७० / बिदेशी - ११)
कुल जम्मा = १४३५

# धन्यवाद






Military-Today.com




INFLATABLE LIGHTING TOWER
2.4 KVA GENERATOR
ANGLE CUTTER
CIRCULAR SAW